आज मिति २०७८ जेठ २१ गतेका दिन बेसीशहर नगरपालीकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यु को अध्यक्षतामा कार्यपालीकाको ६३ औं बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिम छलफल एवं निर्णय गरीयो ।

उपस्थिती :

१. प्रमुख श्री गुमान सिंह अर्याल
२. उप-प्रमुख श्री लक्ष्मी देवि अधिकारी
३. प्रमुख प्रशासकीय अधिकृत श्री जनार्दन अधिकारी
४. वडा अध्यक्ष वडा नं. १ श्री बलराम श्रेष्ठ
५. वडा अध्यक्ष वडा नं. २ श्री गणेश बहादुर कडेल
६. वडा अध्यक्ष वडा नं. ३ श्री सुर्य कुमार श्रेष्ठ
७. वडा अध्यक्ष वडा नं. ४ श्री लालविर गुरुङ
८. वडा अध्यक्ष वडा नं. ५ श्री बम बहादुर गुरुङ
९. वडा अध्यक्ष वडा नं. ६ श्री भोज बहादुर रिमाल
१०. वडा अध्यक्ष वडा नं. ७ श्री गोबिन्द बहादुर बस्नेत
११. वडा अध्यक्ष वडा नं. ८ श्री पवित्रा थापा राना
१२. वडा अध्यक्ष वडा नं. ९ श्री शरद बराल
१३. वडा अध्यक्ष वडा नं. १० श्री पूर्ण बहादुर थापा
१४. वडा अध्यक्ष वडा नं. ११ श्री अच्युत बाबु बगाले
१५. कार्यपालीका सदस्य श्री विष्णु माया राना
१६. कार्यपालीका सदस्य श्री मन्दिरा दनाई
१७. कार्यपालीका सदस्य श्री देव बहादुर गहतराज
१८. कार्यपालीका सदस्य श्री अजय मजाकोटी
१९. कार्यपालीका सदस्य श्री मन माया गुरुङ
२०. कार्यपालीका सदस्य श्री दोज बहादुर खवास
२१. कार्यपालीका सदस्य श्री कृष्ण नेपाली
२२. कार्यपालीका सदस्य श्री आशा तामाङ

२ सहजकर्ता कर्मचारी

२३. कार्यक्रम अधिकृत श्री महेन्द्र पोखरेल
२४. अधिकृत श्री विमला गिरी

**बेसीशहर नगरपालिका**
**बेसीशहर, लमजुङ**

*नगर कार्यपालिकाको ६९ औं बैठकका ऐजेण्डाहरु*

- आ.व. २०७८/०७९ को योजना तर्जुमा सम्बन्धमा ।
  - कुल प्रक्षेपित आय अनुमान
  - बजेटका सिद्धान्त तथा प्राथमिकता
  - वडागत बजेट सीमा
  - वडास्तरीय योजना तर्जुमा सम्बन्धी मापदण्ड
- नवौं नगरसभा सम्बन्धमा ।
- कोभिड १९ को सन्दर्भमा
  - स्थानीय तह कोभिड १९ संकट व्यवस्थापन केन्द्र (LCCMC) को निर्णय अनुमोदन सम्बन्धमा ।
  - नगरपालिकास्तरीय ३ सदस्यीय समिति गठन सम्बन्धमा ।
  - होम आइसोलेसनमा रहेका कोभिड संक्रमितहरुलाई भेटघाट/सहजीकरण सम्बन्धमा
- प्राकृतिक श्रोत उपयोग करको ठेक्का बन्दोबस्ती सम्बन्धमा
- गाइखुरे झरना क्षेत्रको प्रवर्द्धन सम्बन्धमा ।
  - सूचीकृत हुने सम्बन्धी सूचनाको अनुमोदन
  - राजश्वको लागि वार्ता समिति गठन
  - वन र पर्यटन मन्त्रालयमा अनुरोध
- चालु आवको विद्युततर्फको बजेट सम्बन्धमा
- राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमतर्फको बजेट सम्बन्धमा ।
- वडा कार्यालयको फर्निसिङ सम्बन्धमा ।
- फुटकर योजनामा बजेट थप गर्ने सम्बन्धमा ।
- वडास्तरीय योजना संशोधन सम्बन्धमा वडा नं (२, ५ र ८)
- सञ्चार क्षेत्र सुदृढीकरण कार्यक्रमको सम्बन्धमा । (६०/४० को साझेदारीमा कुल लागत अधिकतम् ६० हजार/ प्रस्ताव आह्वान गर्ने ।
- आवधिक योजना तर्जुमा सहजीकरण सम्बन्धमा ।
- विविध
  - ल्याव टेक्निसियनको नयाँ करार सम्झौता सम्बन्धमा

## निर्णयहरु

**निर्णय नं. १ : आ.व. २०७८/०७९ को योजना तर्जुमा सम्बन्धमा ।**

आर्थिक बर्ष ०७८/०७९ को बार्षिक नीति, योजना तथा कार्यक्रम र वजेट तर्जुमा गर्ने सम्बन्धमा देहाय वमोजिमको निर्णय गरियो ।

(क) नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७८/०२/१४ को बैठकबाट निर्णय भए अनुसार तथा नेपाल सरकारबाट २०७८ जेष्ठ १५ गते सार्वजनिक गरिएको बजेट समेतको आधारमा आर्थिक बर्ष ०७८/०७९ का लागि यस बेसीशहर नगरपालिकाको देहायको तालिका वमोजिम कुल रु ६९,५७,४१,०००।- (उनन्सत्तरी करोड सन्ताउन्न लाख एकचालीस हजार मात्र) को बजेट सीमा स्वीकृत गर्ने ।

रकम रु. हजारमा

| सि.नं. | वजेटको श्रोत | आगामी आ.व. २०७८।०७९ को लागि अनुमानित रकम |
|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय (राजश्व) | ४५०४५ |
| २ | समानीकरण अनुदान/संघीय सरकार | १४२६०० |
| २ | राजश्व बाडफाड/संघीय सरकार | ९२१४५ |
| ४ | समानीकरण अनुदान/प्रदेश सरकार | १७०२३ |
| ५ | राजश्व बाडफाड/प्रदेश सरकार | १२०२८ |
| ६ | आ.व. ०७७/०७८ मा खर्च नभई जिम्मेबारी सर्ने अनुमानित | ५०००० |
| | १ देखि ६ सम्म जम्मा | ३५८८४१ |
| ७ | संघीय सशर्त अनुदान | २९६२०० |
| ८ | संघीय विशेष अनुदान | १०८०० |
| ९ | संघीय समपुरक अनुदान | १३९०० |
| १० | प्रदेश सशर्त अनुदान | ५००० |
| ११ | प्रदेश समपुरक अनुदान | ५००० |
| | जम्मा | ३३०९०० |
| १२ | अन्य (सडक बोर्ड) | ६००० |
| | अन्य जम्मा | ६००० |
| | कूल जम्मा | ६९,५७,४१ |

(ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट तय गरिएका यस बेसीशहर नगरपालिकाको आ.व. २०७८।०७९ को बजेटको सिद्धान्त र प्राथमिकताबारे छलफल भै यसलाई अनुमोदन गर्ने ।

(ग) वडास्तरीय योजनाका लागि देहाय बमोजिम वजेट सीमा तोकी वडाको सन्तुलित विकास हुने गरी सबै विषयगत क्षेत्रलाई समेटी २०७८ असार ५ गतेसम्म वडास्तरीय योजना तथा कार्यक्रम नगरपालिकामा पेश गर्न निर्देशन दिने ।

देहाय

| वडा नं. | वडाको वजेट सीमा रु | वडा नं. | वडाको वजेट सीमा रु |
|---|---|---|---|
| १ | ६२४०००० | २ | ६४०२००० |
| ३ | ६२२७००० | ४ | ६०८०००० |
| ५ | ६३६०००० | ६ | ६२८८००० |
| ७ | ६५२२००० | ८ | ६५११००० |
| ९ | ६०५०००० | १० | ७२३१००० |
| ११ | ७०९३००० | जम्मा | ७,१०,०४,००० |

सात करोड दश लाख चार हजार मात्र

(घ) आगामी आ.व.२०७८/०७९ को वडास्तरीय योजना तर्जुमा गर्दा देहायका मापदण्डहरु समेतका आधारमा गर्ने ।

१ सम्पन्न हुन सक्ने किसिमका अधुरा योजनाहरुलाई सम्पन्न हुने गरी बजेट विनियोजन गर्ने ।

२ ५ लाख वा सो भन्दा बढी लागतको योजनामा न्यूनतम रु ३५ लाख विनियोजन गर्ने ।

३ प्राप्त बजेटबाट अधिकतम् रु २ लाख ५० हजारसम्म वडा सञ्चालन खर्च विनियोजन गर्ने ।

४. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास जस्ता सवै विषय र क्षेत्रहरुलाई समेटी योजना तथा कार्यक्रम छनौट गर्ने ।

**निर्णय नं. २ : नवौं नगरसभा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको नवौं नगरसभा बैठक मिति २०७८/०३/०९ गतेका दिन आह्वान गर्ने र सोही दिन आ.व. २०७८/०७९ को बार्षिक नीति, कार्यक्रम तथा बजेट नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : कोभिड १९ को सम्बन्धमा ।**

(क) बेसीशहर नगरपालिकास्तरीय स्थानीय तह कोभिड १९ संकट व्यवस्थापन केन्द्र (LCCMC) को मिति २०७८/०१/१९, २०७८/०१/२७ र २०७८/०२/०२ को बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) कोभिड १९ को दोश्रो लहरको जोखिम बढिरहेको सन्दर्भमा कोरोना भाइरस नियन्त्रण, उपचार, राहत र यससंग सम्वन्धित व्यवस्थापनको सन्दर्भमा तत्काल विशेष निर्णय गर्नुपर्ने अवस्थाको लागि नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत रहेको तीन सदस्य समितिलाई अधिकार र जिम्मवारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) बेसीशहर नगरपालिकाको एम्बुलेन्स चालक श्री शिव श्रेष्ठले कोभिड संक्रमितहरुलाई ओसार पसार गर्नुपर्ने, पिसिआर परीक्षणको लागि हप्ताको दुई पटक पोखरा जानुपर्ने भएकोले खानबस्ने सुविधा वापत २०७८ बैशाख, जेष्ठ र असार गरी जम्मा ३ महिनाको लागि निजलाई मासीक रु २००००।- (बीस हजार) का दरले थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

(घ) कोभिड संक्रमण देखिएर होम आइसोलेसनमा रहेका विपन्न तथा कठिन परिस्थितिका घरपरिवारहरुलाई प्रति परिवार नगद रु. ३०००।- (तीन हजार मात्र) का दरले राहत सहयोग उपलब्ध गराउने निर्णयलाई अनुमोदन गर्ने ।

(ङ) होम आइसोलेसनमा रहेका कोभिड संक्रमित विरामीहरुलाई सम्बन्धित वडाध्यक्षहरुले समेत भेटघाट गरी आवश्यक सहयोग र सल्लाह दिने ।

**निर्णय नं. ४ : प्राकृतिक श्रोत उपयोग करको ठेक्का बन्दोबस्ती सम्बन्धमा**

प्राकृतिक श्रोतको उपयोग कर सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(प) को बुँदा ७ तथा दफा ६४ को उपदफा (च) ले दिएको अधिकार अन्तर्गत नगरपालिका क्षेत्रभित्र बग्ने नदी खोलाबाट निस्कने गिटी, बालुवा, ग्राभेल आदिको उपयोग कर संकलनका लागि राजश्व परामर्श समितिको मिति २०७८/०२ /१३ को बैठकको को सिफारिस समेतको आधारमा देहाय वमोजिमको घाट (स्थान) मा देहाय वमोजिमको न्यूनतम अंक तोकी सोही वमोजिमको बोलपत्र सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**आव २०७८/०७९ को लागि प्राकृतिक श्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण**

| ठेक्का नं. | नदी /खोला | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | लम्वाई/चौडाई/उचाई | उत्खननयोग्य परिमाण | न्यूनतम ठेक्का रकम | |
|---|---|---|---|---|---|---|---|
| १ / २०७८।०७९ | मर्स्याङदी | बेलौती विसौना खण्ड क | ६ | १२५।१५।१ | १८७५ | ४६५०००।०० | ४ लाख ६५ हजार |
| २ / २०७८।०७९ | मर्स्याङदी | बेलौती विसौना खण्ड ख | ६ | ६०।२०।१ | १२०० | ३०००००।०० | ३ लाख |
| ३ / २०७८।०७९ | मर्स्याङदी | बेलौती विसौना खण्ड ग | ६ | ७०।३०।१ | २१०० | ५२००००।०० | ५ लाख २० हजार |
| ४ / २०७८।०७९ | मर्स्याङदी | बेलौती विसौना खण्ड घ | ६ | ७५।२५।१ | १८७५ | ४६५०००।०० | ४ लाख ६५ हजार |
| ५ / २०७८।०७९ | मर्स्याङदी | पुवाखोला दोभान (सातविसे पुलमाथिदेखि बाँभ्राखेत पुलसम्म) | ६र ७ | ७८।३०।१ | २३४० | ५८००००।०० | ५ लाख ८० हजार |
| ६ / २०७८।०७९ | मर्स्याङदी | सातविसे डील मुनी मरनघाट (सातविसे पुल वरपर) | ७ | ७०।२०।१ | १४०० | ३५००००।०० | ३ लाख ५० हजार |
| ७ / २०७८।०७९ | मर्स्याङदी | लेतेफाँट पुलदेखि भाचोक खोला दोभानसम्म (खासुर अक्कर) | १० | १५०।१५।१ | २२५० | ५६००००।०० | ५ लाख ६० हजार |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०२/२१ गतेको बैठक

| ठेक्का नं. | नदी /खोला | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | लम्बाई/चौडाई/उचाई | उत्खननयोग्य परिमाण | न्यूनतम ठेक्का रकम | |
|---|---|---|---|---|---|---|---|
| ८ २०७८।०७९ | मर्स्याङदी | आँपचौरको पुलदेखि तल थारचौर र धुपीचौर जोड्ने पुलदेखि माथि (आँपचौर) | १० | १००।३०।१ | ३००० | ७४२०००।०० | ७ लाख ४२ हजार |
| ९ २०७८।०७९ | मर्स्याङदी | सालडांडादेखि तल थारचौर छोंटेवगर (थारचौर र धुपीचौरको पुलदेखि तल बरबोट खोलासम्म) | १० | १२०।३३।१ | ३९६० | ९८००००।०० | ९ लाख ८० हजार |
| १०२०७८।०७९ | मर्स्याङदी | रानीकुवा टापु मुनीको वगरघाटदेखि आँपचौरको पुलमाथि सम्म | ३ | १३०।३०।०.८ | ३१२०(२३४०.७५%मात्र) | ५८००००।०० | ५ लाख ८० हजार |
| ११ २०७८।०७९ | मर्स्याङदी | गैरी क्याम्पस मुनी | २ | २५०।१७।१.३ | ५५२५ | १३६६०००।०० | १३ लाख ६६ हजार |
| १२ २०७८।०७९ | मर्स्याङदी | भकुण्डे थुम्कामुनीको मरनघाट (वउरघाट) | २ | १००।१५।१ | १५०० | ३७१०००।०० | ३ लाख ७१ हजार |
| १३ २०७८।०७९ | मर्स्याङदी | गैरीवगर घाट (झोपुदेखि साँधखोलासम्म) | १ | ३०।२५।१ | ७५० | १८६०००।०० | १ लाख ८६ हजार |
| १४ २०७८।०७९ | मर्स्याङदी | आर्मी ब्यारेक पुछार (मन्दिर तलको भाग मात्र) | १ | ७५।३०।१ | २२५० | ५५७००० | ५ लाख ५७ हजार |
| १५ २०७८।०७९ | मर्स्याङदी | रिट्ठेवगर घाट | १र११ | ३००।२५।१ | ७५०० | १८५५०००।०० | १८ लाख ५५ हजार |
| १६ २०७८।०७९ | मर्स्याङदी | चिती वरवोट खोलादेखि गैरी क्याम्पसको झोपुसम्म (कडेनी) | ११ | ६०।५४।१ | ३२४० | ८०००००।०० | ८ लाख |
| १७ २०७८।०७९ | मर्स्याङदी | त्रिवेणी घाट | ११ | २००।२०।१ | ४००० | ९९००००।०० | ९ लाख ९० हजार |
| १८ | दोर्दी खोला | दोर्दी खोला क्षेत्र | ११ | १४००।२८।४०।१ | २०हजार | १६५००००।०० | १६ लाख ५० हजार |
| १९ २०७८।०७९ | मिदिम खोला | नाल्मा मिदिमखोला पुल वरपरदेखि हाइड्रो पावरसम्म | ५ | १०० | ७०० | १००००० | १ लाख |
| २० २०७८।०७९ | मर्स्याङदी | बाँझाखेत मोटरेवल पुलदेखि भाचोक खोला दोभानसम्म (भोटेफाँट) | १० | १०० | ७०० | १५०००० | १ लाख ५० हजार |

| ठेक्का नं. | नदी /खोला | उत्खनन् गरिने घाटको नाम तथा स्थान | वडा नं. | लम्वाई/चौडाई/उचाई | उत्खननयोग्य परिमाण | न्यूनतम ठेक्का रकम | |
|---|---|---|---|---|---|---|---|
| २१ २०७८।०७९ | मर्स्याङदी | तालखोलादेखि बेलौती विसौना झोपुसम्म ( लेतेगंगा) | १० | १०० | ४०० | ७५००० | ७५ हजार |
| २२ २०७८।०७९ | मर्स्याङदी | मर्स्यादी नदी बाँध क्षेत्र ( छहरा मुनी वारी र पारी) | १र१ १ | १२०।६६।१ | ७९२० | १९६०००० | १९ लाख ६० हजार |
| २३२०७८।०७९ | मर्स्याङदी | आकासे भीरको डिलमुनीबाट चिप्लेटीको पुल माथिको भाग | १ | १००।१९२।१ | १९२०० | ५०००००० | ५० लाख |
| २४ २०७८।०७९ | मर्स्याङदी | गैरी क्याम्पस पुलदेखि गाइखुरे छहराको पुल माथि पारीपटीको भाग | ११ | १००।९०।१ | ९००० | २२२५००० | २२ लाख २५ हजार |

पुनश्च : प्राकृतिक श्रोत उपयोग कर वापतको नगरपालिकामा बुझाउनु पर्ने राजश्व नबुझाएका फर्महरु उपरोक्त ठेक्का प्रक्रियाको लागि अयोग्य हुने साथै त्यस्ता फर्महरुले अन्य फर्मको नाममा ठेक्का हालेको पत्ता लागेमा पनि सो समेत बदर गरिनेछ ।

**निर्णय नं. ५ : गाइखुरे झरना क्षेत्रको प्रवर्द्धन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको सार्वजनिक नीजि साझेदारी नीति अनुरुप बेसीशहर नगरपालिका वडा नं १ स्थित गाइखुरे झरना क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि नगरपालिकाले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुरुप पर्यटकीय पूर्वाधार विकास गर्न देहाय वमोजिमका कार्यहरु अघि बढाउने निर्णय गरियो ।

(क) नगरपालिकाको विस्तृत परियोजना प्रतिवेदन अनुसार सार्वजनिक नीजि साझेदारी नीति अनुरुप गाइखुरे झरना क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गरी सञ्चालन गर्न योग्य, अनुभवी तथा इच्छुक नीजि क्षेत्र (संस्था, कम्पनी, फर्म) लाई सूचीकृत हुन कार्यालयबाट मिति २०७८/०२/२० मा जारी गरिएको सूचनालाई अनुमोदन गर्ने ।

(ख) सो क्षेत्रको जग्गा लिजमा दिने तथा सो वापत नगरपालिकाले लिने भाडा/राजश्वको सम्बन्धमा सम्वन्धित पक्षसंग वार्ता गर्नको लागि देहाय वमोजिमको वार्ता समिति गठन गर्ने ।

**देहाय :**

१.संयोजक श्री लक्ष्मीदेवी अधिकारी बेसीशहर नपा ७, उपप्रमुख बेसीशहर नगरपालिका
२.सदस्य श्री कृष्ण प्रसाद अधिकारी बेसीशहर नपा १, कानून व्यवसायी/ अधिवक्ता
३.सदस्य श्री महेन्द्र शर्मा पौडेल बेसीशहर नपा ७ लेखा विज्ञ
४.सदस्य श्री सुशिला श्रेष्ठ अधिकृत राजश्व शाखा बेसीशहर नपा
५.सदस्य सचिव श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत बेसीशहर नपा

(ग) यस सम्बन्धमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसंग आवश्यक समन्वय गर्ने ।

**निर्णय नं. ६ : चालु आवको विद्युततर्फको बजेट सम्बन्धमा ।**

यस नगरपालिकाको सातौं नगरसभाबाट ऊर्जा/विद्युत क्षेत्रमा विनियोजित ९ लाखबाट वडा नं ७ र ८ मा उपभोक्ता समिति मार्फत सडकबत्ती जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमतर्फको बजेट सम्बन्धमा ।**

चालु आवको सशर्ततर्फ प्राप्त राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रमतर्फको रु ८ लाख मध्ये रु ५ लाखबाट कार्यालयमा विद्युत ब्याक अप खरीद गरी जडान गर्ने निर्णय गरियो । साथै बायोग्याँस प्लान्ट जडानको लागि प्राप्त बजेट रु २ लाख चालु आवमा बायोग्याँस प्लान्ट निर्माण गर्ने व्यक्तिहरुलाई नियमानुसार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ : कार्यालयको फर्निसिङ सम्बन्धमा**

चालु आवमा नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतको कार्यालय समेतमा फर्निसिङको लागि भएको खर्च स्वास्थ्यतर्फको शव वाहन खरीद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९ : फुटकर योजना शिर्षकमा बजेट थप गर्ने सम्बन्धमा ।**

चालु आवको फुटकर शिर्षकमा विनियोजित रकमबाट सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरुलाई कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानी दिन अपुग भएको हुँदा खर्च नभएको तथा खर्च नहुने कुनै उपयुक्त शिर्षकबाट रु. १० लाख झिकी फुटकर शिर्षकमा थप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।**

सातौ नगरसभाबाट स्वीकृत भएका चालु आवको देहायका योजनाहरु देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| साविकको योजना तथा कार्यक्रम | विनियोजित बजेट | हाल कायम गरिएको योजना तथा कार्यक्रम | विनियोजित बजेट |
|---|---|---|---|
| १. सुनारगाउँ मोटरबाटो मर्मत सुधार बेनपा २ | १००००० | १.सुनारगाउँ सामुदायिक भवन स्तरोन्नति बेनपा २ | १००००० |
| २.सिम्ले दलितबस्ती खानेपानी बेनपा २ | २००००० | २.सिम्ले दलितबस्ती गोरेटोबोटो स्तरोन्नति बेनपा २ | २००००० |
| ३.अंगुर तथा कुरिलो व्यवसायिक खेती प्रवर्द्धन कार्यक्रम बेनपा २ | १००००० | ३.वडा कार्यालय भवनको पेटी निर्माण तथा खानेपानी व्यवस्थापन | १००००० |
| ४.विविध फुटकर खर्च बेनपा ५ | २७०००० | ४. बाखेजगत सेवा केन्द्र भवन निर्माणको अधुरो योजना बेनपा ५ | २७०००० |
| ५.विदाई चौतारा संरक्षण तथा नाली मर्मत बेनपा ८ | २००००० | ५.कर्पुरेश्वर मन्दिरको प्रतिक्षालय भवन निर्माण (अधुरो कार्य सम्पन्न गर्ने) बेनपा ८ | २००००० |

**निर्णय नं. ११ : सञ्चार क्षेत्र सुदृढीकरण कार्यक्रमको सम्बन्धमा ।**

सातौं नगरसभाबाट सञ्चार क्षेत्र सुदृढीकरण कार्यक्रमको लागि बजेट विनियोजन भएको सन्दर्भमा बेसीशहर नगरपालिकाको ६० र सञ्चार गृहहरुको ४० प्रतिशत लागत साझेदारीमा बेसीशहर स्थित सञ्चार माध्यमलाई आवश्यक परेको सामाग्री खरीद गर्नको लागि प्रति संस्था कुल लागत सीमा रु. ६०,०००।- (साठी हजार) कायम गर्ने र यसको लागि मापदण्ड तयार गरी प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२ : आवधिक योजना तर्जुमा सहजीकरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको पाँच वर्षे आवधिक योजना तर्जुमा सहजीकरणको लागि २०७८/०२/२१ मा आयोजित पूर्वयोजना तर्जुमा गोष्ठी समेतका आधारमा देहाय वमोजिमको मूल समिति तथा विषयगत समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय :**

**१.मूल समिति**

| क सं | नामथर | पद | संस्थागत पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|---|
| १ | गुमानसिंह अर्याल | संयोजक | नगरप्रमुख | बेसीशहर नगरपालिका | ९८५६०४६५१० |
| २ | लक्ष्मीदेवी अधिकारी | सदस्य | उपप्रमुख | बेसीशहर नगरपालिका | ९८५६०४६५११ |
| ३ | जनार्दन अधिकारी | सदस्य | प्रमुख प्रशासकीय अधिकृत | बेसीशहर नगरपालिका | ९८५६००९१११ |
| ४ | किसानराज चिलुवाल | सदस्य | उप सचिव शिक्षा | बेसीशहर नगरपालिका | ९८४६४६१७२९ |
| ५ | बलराम श्रेष्ठ | सदस्य | वडाध्यक्ष वडा नं १ | बेसीशहर नगरपालिका | ९८५६०४६८५१ |
| ६ | गणेश कँडेल | सदस्य | वडाध्यक्ष वडा नं २ | बेसीशहर नगरपालिका | ९८५६०४६८५२ |
| ७ | सूर्यकुमार श्रेष्ठ | सदस्य | वडाध्यक्ष वडा नं ३ | बेसीशहर नगरपालिका | ९८५६०४६८५३ |
| ८ | लालविर गुरुङ | सदस्य | वडाध्यक्ष वडा नं ४ | बेसीशहर नगरपालिका | ९८५६०४६८५४ |
| ९ | बम बहादुर गुरुङ | सदस्य | वडाध्यक्ष वडा नं ५ | बेसीशहर नगरपालिका | ९८५६०४६८५५ |
| १० | भोज बहादुर रिमाल | सदस्य | वडाध्यक्ष वडा नं ६ | बेसीशहर नगरपालिका | ९८५६०४६८५६ |
| ११ | गोविन्द बस्नेत | सदस्य | वडाध्यक्ष वडा नं ७ | बेसीशहर नगरपालिका | ९८५६०४६८५७ |
| १२ | पवित्रा थापा | सदस्य | वडाध्यक्ष वडा नं ८ | बेसीशहर नगरपालिका | ९८५६०४६८५८ |
| १३ | शरद बराल | सदस्य | वडाध्यक्ष वडा नं ९ | बेसीशहर नगरपालिका | ९८५६०४६८५९ |
| १४ | पूर्ण बहादुर थापा | सदस्य | वडाध्यक्ष वडा नं १० | बेसीशहर नगरपालिका | ९८५६०४६८६० |
| १५ | अच्युत बाबु बगाले | सदस्य | वडाध्यक्ष वडा नं ११ | बेसीशहर नगरपालिका | ८९५६०४६८६१ |
| १६ | मेघेन्द्र पोखरेल | स. सचिव | कार्यक्रम अधिकृत | बेसीशहर नगरपालिका | ९८४६०७४७४० |

**२.विषयगत समितिहरु**

**क.आर्थिक विकास समिति**

| क सं | नामथर | पद | संस्थागत पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|---|
| १ | गणेश कँडेल | संयोजक | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५२ |
| २ | अच्युत बाबु बगाले | सदस्य | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ८९५६०४६८६१ |
| ३ | विष्णुमाया राना | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८५६०४६८६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | हरि बहादुर धिताल | सदस्य | अधिकृत, पशुसेवा शाखा | बेसीशहर नगरपालिका | ९८५६०४५५२४ |
| ५ | सुशिला श्रेष्ठ | सदस्य | अधिकृत, राजश्व शाखा | बेसीशहर नगरपालिका | ९८५६०७४५३३ |
| ६ | सूर्य प्रसाद सेढाई | स.सचिव | अधिकृत, कृषि शाखा | बेसीशहर नगरपालिका | ९८४६१४१३८३ |

**ख.सामाजिक विकास समिति**

| क सं | नामथर | पद | संस्थागत पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|---|
| १ | भोज बहादुर रिमाल | संयोजक | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५६ |
| २ | सूर्यकुमार श्रेष्ठ | सदस्य | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५३ |
| ३ | लाल विर गुरुङ | सदस्य | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५४ |
| ४ | मनमाया गुरुङ | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८४६०७४४५३ |
| ५ | मनोजसिंह बोहोरा | सदस्य | अधिकृत, स्वास्थ्य शाखा | बेसीशहर नगरपालिका | ९८५६०४६५७७ |
| ६ | रामकृष्ण त्रिपाठी | स.सचिव | अधिकृत, शिक्षा शाखा | बेसीशहर नगरपालिका | ९८४६०७४४०१ |

**ग.भौतिक पूर्वाधार विकास समिति**

| क सं | नामथर | पद | संस्थागत पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|---|
| १ | गोविन्द बस्नेत | संयोजक | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५७ |
| २ | बलराम श्रेष्ठ | सदस्य | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५१ |
| ३ | अजय मजाकोटी | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८४६५४४३२९ |
| ४ | आशा तामाङ | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८४६०९९२०८ |
| ५ | विशाल ढकाल | सदस्य | इन्जिनियर | बेसीशहर नगरपालिका | ९८६७३७५७८२ |
| ६ | शम्भु प्रसाद घिमिरे | स.सचिव | अधिकृत, योजना शाखा | बेसीशहर नगरपालिका | ९८४६०७४६०९ |

**घ.वातावरण तथा विपद् व्यवस्थापन समिति**

| क सं | नामथर | पद | संस्थागत पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|---|
| १ | शरद बराल | संयोजक | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५९ |
| २ | पूर्ण बहादुर थापा | सदस्य | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८६० |
| ३ | मन्दिरा दनाई | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८५६०४६८६५ |
| ४ | दोज बहादुर खवास | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८५६०४६८६८ |
| ५ | यम बहादुर अधिकारी | सदस्य | नगर प्रहरी प्रमुख | बेसीशहर नगरपालिका | ९८४६०८९६१६ |
| ६ | घनश्याम तिवारी | स.सचिव | रोजगार संयोजक, प्र. रो. का. | बेसीशहर नगरपालिका | ९८४९६३८५१२ |

**ङ.संस्थागत विकास, सेवा प्रवाह र सुशासन समिति**

| क सं | नामथर | पद | संस्थागत पद | ठेगाना | मोवाइल नं |
|---|---|---|---|---|---|
| १ | पवित्रा थापा | संयोजक | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५८ |
| २ | वम बहादुर गुरुङ | सदस्य | वडाध्यक्ष | बेसीशहर नगरपालिका | ९८५६०४६८५५ |
| ३ | देव बहादुर गहतराज | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८५६०४६८६७ |
| ४ | कृष्ण नेपाली | सदस्य | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | ९८४६२४९६२६ |
| ५ | मुकेश कुँवर | सदस्य | सूचना प्रविधि अधिकृत | बेसीशहर नगरपालिका | ९८२७१५८८१८ |
| ६ | विमला गैह्रे | स.सचिव | अधिकृत, प्रशासन शाखा | बेसीशहर नगरपालिका | ९८४६६२३४७३ |

बेसीशहर नगर कार्यपालिकाको मिति २०७८/०२/२१ गतेको बैठक

**निर्णय नं. १३ : विविध/ ल्याव टेक्निसियनको नयाँ करार सम्झौता सम्बन्धमा**

यस नगरपालिकाको स्वास्थ्य शाखामा एक जना ल्याव टेक्निसियन आवश्यकता परी प्रक्रिया वमोजिम बेसीशहर नगरपालिका वडा नं ७ निवासी श्री कृष्ण थापासंग मासिक पारिश्रमिक रु २८,२००।- उपलब्ध गराउने गरी २०७८/०२/१६ देखि हाललाई २०७८ असार मसान्तसम्म्म गरिएको करार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।